# कार्य विवरण

पद : प्राविधिक सहयोगी (प्रारम्भिक तह पढाइ कार्यक्रम)

सुपरभाइजर : परियोजना संयोजक

परियोजना : विद्यालय दिवाखाजा कार्यक्रम अन्तर्गत प्रारम्भिक तह पढाइ कार्यक्रम

ड्युटी स्टेशन : पालिका कार्यालय

------------------------------------------------------------------------------------------

प्राविधिक सहयोगी पद स्थानीय तह शिक्षा इकाई विशेष गरी नगर/गाँउपालिका शिक्षा समिति र तोकिएको पालिकाको शैक्षिक फोकल पर्सनलाई प्राविधिक सहयोग र रणनीतिक मार्गदर्शन प्रदान गर्न नगर/गाँउपालिकामा नै संलग्न सुदूरपश्चिम प्रदेशको स्थानीय तहलाई प्रत्यक्ष प्राविधिक सहयोगको लागि योजना गरिएको हो । प्राविधिक सहयोगीले WFP टोली, र अन्य जिल्ला स्तरका सरोकारवालाहरू र WFP का अन्य कार्यान्वयन साझेदारहरूसँग नजिक समन्वय गरि कार्य गर्नुपर्नेछ र प्राविधिक सहयोगीले परियोजना संयोजकको प्रत्यक्ष निरीक्षणमा काम गर्नेछ ।

**प्रमुख कर्तव्य र जिम्मेवारीहरू :**
**प्राविधिक पक्ष (स्थानीय तहमा केन्द्रित)**

- कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि लाइन एजेन्सीहरू, स्थानीय तहको सरकार र अन्य सेवा प्रदायकहरूसँग साझेदारीको विका ससुदृढ गर्ने ।
- स्थानीय सरकार शिक्षा इकाईसँग नजिकबाट काम गर्ने र योजना कार्यान्वयन गर्न नगर/गाँउ पालिका शिक्षा समितिसँग सहकार्य गर्ने ।
- सरकारी निति/नियम अनुसार एकीकृत शिक्षा योजना विकास गर्न सहजीकरण गर्ने ।
- स्थानीय सरकारबाट सहयोग चाहिने न्यून कार्यसम्पादन भएका विद्यालयहरूको जानकारी शिक्षा फोकल पर्सनलाई उपलब्ध गराउने । जसलेगर्दा शिक्षाशाखाको तर्फबाट अनुगमन मुल्याकंन र आवस्यक सहयोग गर्न सजिलो होस ।
- कार्यात्मक सीमितता भएका बालबालिकाको पहिचान गर्न प्रारम्भिक स्थास्थ्य परिक्षण र न्यूनतम समस्या पत्ता लगाउने प्रणाली स्थापना गर्न स्थानीय सरकार र विद्यालयहरूलाई सहजीकरण र सहयोग गर्ने र सुपरभाइजरको निर्देशनमा रेफरलहरू उपलब्ध गराउने।
- सम्पुर्ण EGR क्रियाकलापहरु स्थानिय तह मार्फत संचालन गर्न सहजताका लागि स्थानिय तह शिक्षा समितिको बैठक बसाउने तथा छलफल गर्ने ।

## योजना (Planning)

- स्थानीय तहबाट शैक्षिक योजना, नीति र बजेट तयारीको विकासमा सहयोग पुगाउन नेतृत्वदायी भूमिका लिने र समग्रमा EGR-SMP कार्यक्रमको उदेश्यसँग तालमेल सुनिश्चित गर्ने ।
- तल्लो तहबाट सूचना र विचार ज्ञान प्रदान गरी रणनीति र कार्य योजना विकास गर्न EGR कार्यक्रमको प्रादेशिक र केन्द्रीय टोली र कार्यान्वयन गर्ने साझेदारहरूलाई नजिकबाट काम गर्न सहयोग पुर्याउने ।
- स्थानिय तहलाई क्रियाकलाप निमार्ण संचालन तथा कार्यान्वयन गर्नमा भुमिका निर्वाह गर्ने ।

## कार्यान्वयन (Implementation)

- समयमै गुणस्तरीय कार्य सुनिश्चित गर्न स्थानीय शिक्षा एकाइहरू (MEC, शिक्षा फोकल पर्सन), विद्यालय प्रशासकसँग समयमै फलोअप गर्न सुनिश्चित गर्ने ।
- अनुगमन योजना अनुसार पालिकाहरुमा क्षेत्र स्तरीय कार्यक्रमहरुको समन्वय र संचालन गर्ने
- शिक्षा फोकल पर्सनले विद्यालय स्तरमा शिक्षक तालित, कार्यशाला र बैठकहरू आदि लगायत क्षमता विकास गतिविधिहरू विकास, वितरण र क्षमता निर्माणमा सक्रिय रूपमा संलग्न रहेको सुनिश्चित गर्ने
- समावेशी सुनिश्चित गर्न स्थानीय शिक्षा एकाइहरू, विद्यालयहरू र शिक्षकहरूलाई आवश्यकताको आधारमा IEP लागू गर्न प्रोत्साहन गर्ने।
- परियोजना टोलीसँग नजिकबाट काम गर्ने र अन्य परियोजनासंग सम्बन्धित कागजातहरू तयारी र कार्यान्वयन गर्ने प्रक्रियामा योगदान गर्ने ।
- शिक्षक प्रशिक्षण प्रक्रियामा संलग्न हुने र यसका लागि स्थानियतहलाइ तालिम र मार्गनिर्देशनलाई सहज बनाउन सहजकर्तारप्रशिक्षकलाई सहयोग गर्ने।
- अनुगमन योजना निमार्ण गर्ने, अनुगमन गर्ने र विद्यालय प्रशासक र शिक्षकहरूलाई प्राविधिक सहयोग प्रदान गर्नेर भ्रमणको बारेमा शिक्षा फोकल पर्सनलाई रिपोर्ट गर्ने ।

## समन्वय (Coordination)

- जिल्ला र स्थानीय तहमा स्थानीय शिक्षा एकाइहरू र अन्य शिक्षा सरोकारवालाहरू बीच बलियो समन्वयको विकास गर्ने ।
- प्रादेशिक टोलीलाई र समान विचारधारा भएका अन्य परियोजना गतिविधिहरू संग समन्वय गर्न आवश्यक पहल गर्ने
- विद्यालय प्रशासक विशेष गरी प्रधानाध्यापकलाई शिक्षक र विद्यालयको नेतृत्व गर्न प्राविधिक सहयोग जारी राख्नको लागि स्थानीय एकाइहरू र शिक्षा फोकल पर्सनसँग समन्वय गर्ने।

- काममा सहजाताका गर्नको लागि तोकिएको स्थानीय सरकारसँग सौहार्दपूर्ण सम्बन्ध स्थापना गर्ने
- स्थानीय सरकार र जिल्ला स्तर शिक्षा सम्बन्धी कार्यक्रमहरूमा भ्न्च् कार्यक्रमको तार्फबाट प्रतिनिधित्व गर्ने

## अनुगमन र मुल्यांकंन (Monitoring and evaluation)

- स्थानीय शिक्षा इकाई र शिक्षकहरूलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउन तोकिएको नगररगाँउपालिकाका परियोजना विद्यालयहरूको भ्रमण गर्ने।
- अनुगमन योजना निमार्ण तथा कार्यान्वयनको सुनिश्चिता गर्ने ।
- फिल्ड स्तरमा भए गरेका संख्यात्मक तथा गुणात्मक जानकारी, सफलताका कथाह? समयमै उपलब्ध गराउने तथा यो बिषयमा परियोजना टिम तथा शिक्षा अधिकृतलाइ सहयोग गर्ने ।

## प्रतिवेदन र अन्य जिम्मेवारीहरु (Documentation and other responsibilities)

- मासिक, त्रैमासिक, फिल्ड भिजिट प्रतिवेदन प्रगति रिपोर्टहरू तयार गरि सुपरभाइजरलाई उपलब्ध गराउने ।
- प्रतिवेदन, सफलताका कथाह?, फोटो स्टोरीहरु परियोजना टिमलाइ पठाउने तथा विश्लेषण गर्ने
- सुपरभाइजरले तोकेको परियोजना संग सम्बन्धित अन्य कार्यह? समेत गर्नुपर्ने ।